अन्तर्राष्ट्रिय समन्वय परिषद् निर्णय मितिः ५ मई २०१९

**गैरआवासीय नेपाली संघ**

**राष्ट्रिय महाधिवेशन संचालन सम्वन्धि नियमावली, २०१९**

**प्रस्तावना:**

गैरआवासीय नेपाली संघको विधानको दफा २४ मा उल्लेखित राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशनलाई मर्यादित तथा व्यवस्थित गर्नको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गैरआवासीय नेपाली संघको विधान २००३ (२०१७ संशोधन सहित) को दफा १७.६ को दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाएको छ ।

१. **नाम र प्रारम्भ:**

यस नियमावलीको नाम "राष्ट्रिय महाधिवेशन संचालन सम्बन्धी नियमावली, २०१९" रहने छ । यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको दिन देखि लागू हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) संघ भन्नाले गैर आवासीय नेपाली संघलाई जनाउनेछ ।

(ख) विधान भन्नाले गैर आवासीय नेपाली संघको विधान २००३ (२०१७ संशोधन सहित) लाई जनाउनेछ ।

(ग) निर्वाचन समिति भन्नाले राष्ट्रिय समन्वय परिषदले गठित निर्वाचन समितिलाई जनाउनेछ ।

३. **महाधिवेशनको तयारी:**

३.१ गैरआवासीय नेपाली संघको विधानको दफा २४ को उपदफा २४.१ अनुसार राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशन विश्व सम्मेलन भन्दा बढिमा ६ महिना र कम्तिमा १ महिना अगाडी नै सम्पन्न गर्नु पर्नेछ ।

३.२ राष्ट्रिय समन्वय परिषद्ले महाधिवेशनको मिति तोकी कम्तिमा एक महिना पहिले क्षेत्रीय संयोजक मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जानकारी गराउनु पर्ने छ । अधिवेशनमा अन्तर्राष्ट्रिय समन्वय परिषद् प्रतिनिधिको उपस्थिति सुनिश्चित गर्न क्षेत्रीय संयोजकको परामर्शमा मिति तय गर्न सकिने छ । बढि भन्दा वढि अन्तर्राष्ट्रिय समन्वय परिषद्का प्रतिनिधिहरुको सहभागितालाई सुनिश्चित गर्न अरु राष्ट्रिय समन्वय परिषद्का महाधिवेशनहरुसँग नजुध्ने गरी मिति तय गर्न सहयोगी होस् भनेर गैरआवासीय नेपाली संघले आफ्नो वेव साइटमा इभेण्ट क्यालेण्डरको व्यवस्था गर्नेछ ।

३.३ महाधिवेशनमा बढि भन्दा बढि गैरआवासीय नेपालीको सहभागिता तथा महाधिवेशनको पारदर्शिताको लागि कम्तिमा एक महिना पहिले देखिनै व्यापक रुपमा महाधिवेशन बारे सञ्चार माध्यमबाट सार्वजनिक सूचना प्रवाह गर्नु पर्नेछ ।

३.४ महाधिवेशनको सुपरिवेक्षण गर्नको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले क्षेत्रीय संयोजकको परामर्शमा एक प्रतिनिधि तोक्ने छ । पर्यवेक्षकले यस नियमावलीको अनुसूचीमा दिईएको महाधिवेशन अनुगमन फारम भरेर अन्तर्राष्ट्रिय समन्वय परिषद्मा पठाउनु पर्नेछ ।

**४. सदस्यता:**

४.१ संघको विधानको उपदफा ५.१ अनुसार दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका मुलुकहरु वाहेकका अन्य देशहरुमा नेपाल सरकारबाट खटीई विदेशस्थित नेपाली नियोगमा बहाल रहेको र विदेशस्थित शिक्षण संस्थामा अध्ययन गरिरहेको नेपाली नागरिक बाहेक दुई वर्ष भन्दा बढि समय बिदेशमा रही पेशा, रोजगारी वा व्यवसाय गरी बसोवास गर्ने नेपाली नागरिक वा नेपाली मुलका विदेशी नागरिकले राष्ट्रिय समन्वय परिषदले निर्धारण गरेको सदस्यता शुल्क तिरि पञ्जिकृत सदस्य बन्न सक्ने छन् । यस्ता पञ्जिकृत सदस्यहरुले मात्र राष्ट्रिय महाधिवेशनमा मतदान गर्ने वा उमेद्वार बन्ने अधिकार हुने छ । राष्ट्रिय समन्वय परिषद्मा दर्ता भएका प्रारम्भिक सदस्यहरुले राष्ट्रिय महाधिवेशनमा भाग लिन पाउने छन् तर उनीहरुको मतदान गर्ने र उम्मेदवार बन्ने अधिकार रहने छैन ।

४.२ राष्ट्रिय महाधिवेशन भन्दा निश्चित एक महिना अगाडीसम्म पञ्जिकृत सदस्य भएकालाई मात्र उम्मेद्वार र मतदानमा सहभागी बनाउनु पर्ने छ ।

४.३ पञ्जिकृत सदस्यता हरेक दुई बर्षमा अनिवार्य रुपमा नविकरण गर्नु पर्नेछ र राष्ट्रिय समन्वय परिषद्हरुले पंजिकृत सदस्यता दर्ता अन्तर्राष्ट्रिय महाधिवेशन हुने मिति भन्दा एक महिना अगाडी सम्म खुला राख्नु पर्ने छ । राष्ट्रिय समन्वय परिषदका पंजीकृत सदस्यहरुको नाम अनिवार्य रुपमा गैरआवासीय नेपाली संघको MIS प्रणाणाली अन्तर्गत हुनुपर्ने छ ।

४.४ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको प्रत्येक व्यक्ति पञ्जिकृत सदस्यता शुल्क वापत राष्ट्रिय समन्वय परिषदले अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई बुझाउनु पर्नेछ ।

४.५ राष्ट्रिय समन्वय परिषद्हरुले अनिवार्य रुपमा आफ्ना पंजिकृत सदस्यहरुको विवरण, कार्य समितिको विवरण, आईसिसि सदस्यको नामावली, पंजिकृत सदस्यता शुल्क, अन्तर्राष्ट्रिय महाधिवेशनमा भागलिने प्रतिनिधिहरुको नामावली अन्तर्राष्ट्रिय महाधिवेशनको मिति भन्दा १ महिना पहिले संघको NRNA IMS (MIS) प्रणालीमा प्रावधान भए अनुसार गैरआवासीय नेपाली संघको सचिवालयलाई संघको वेव साईट अनलाईन प्रणालीबाट उपलब्ध गराउनु पर्ने छ । यसको वेव लिंक तथा यस सम्बन्धि जानकारी सचिवालयले उपलब्ध गराउने छ । आवश्यकता परेमा सो विवरणलाई तत्कालिन राष्ट्रिय समन्वय परिषद्का अध्यक्षले प्रमाणित समेत गर्नुपर्ने छ ।

४.६ कुनै समूह वा ब्यक्तिले समुहगत रुपमा शुल्क तिरी निर्वाचनलाई प्रभाव पार्ने किसिमले पञ्जिकृत सदस्य बनाउन पाउने छैनन् ।

४.७ विभिन्न परियोजनामा कबुल गरेको रकम एवं सदस्यता शुल्क बुझाउन बाँकी व्यक्तिहरुले अन्तर्राष्ट्रिय समन्वय परिषदको एवं राष्ट्रिय समन्वय परिषद्को कुनै पनि पदमा उम्मेदवारी दिनु पूर्व उक्त रकम अनिवार्य रुपमा चुक्ता गर्नु पर्ने छ । अन्यथा नीजको मनोनयन अयोग्य मानिने छ ।

**५. निर्वाचन**

५.१ राष्ट्रिय महाधिवेशनमा पञ्जिकृत सदस्यहरुले लोकतान्त्रीक पद्दति तथा निर्वाचनमा प्रयोग हुने विश्वब्यापी मान्यताको आधारमा राष्ट्रिय समन्वय परिषदका पदाधिकारी तथा सदस्यहरुको निर्वाचित गर्ने छन् ।

५.२ निर्वाचन सम्पन्न गर्न राष्ट्रिय समन्वय परिषदले निर्वाचन समिति गठन गर्नेछ ।

५.३ निर्वाचन प्रकृया सम्वन्धित राष्ट्रिय समन्वय परिषदले निर्धारण गर्ने छ ।

५.४ राष्ट्रिय समन्वय परिषद्मा निर्वाचित हुने पदाधिकारीहरुको योग्यता सम्वन्धीत राष्ट्रिय समन्वय परिषदको विधान अनुसार हुने छन् । तर अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको उमेद्वारको योग्यता संघको विधानको दफा १७.५.३ **"अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यका लागि उम्मेदवार बन्नका लागि निज अन्तर्राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य वा कुनै पनि राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी वा सदस्य पदमा एक कार्यकाल पुरा गरेको हुनु पर्नेछ । दफा २२.१४.१ अनुसार मनोनित सदस्यहरुको हकमा भने यो दफा लागु हुने छैन्"** ले तोकेबमोजिम हुनेछ ।

५.५ राष्ट्रिय महाधिवेशनले अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको निर्वाचन गर्ने छ । यसरी चयन हुने सदस्य नेपालमा सम्पन्न हुने अन्तर्राष्ट्रिय महाधिवेशनमा अनिवार्य रुपमा उपस्थित हुनु पर्नेछ । अन्तर्राष्ट्रिय महाधिवेशनले निजलाई अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको रुपमा अनुमोदन (Endorse) गर्ने छ । निजको कार्यकाल यसै महाधिवेशन देखि अर्को महाधिवेशन सम्पन्न नहुने बेलासम्म हुने छ । साथै निर्वाचित भएका आईसिसि सदस्यहरुले अनिवार्य रुपमा आईसिसिले तोकेको सदस्यता शुल्क अनुमोदन हुनु भन्दा पहिले संघको काठमाण्डौमा रहेको सचिवालयमा बुझाउनु पर्ने छ ।

तर काबु बाहिरको परिस्थिति परी कुनै राष्ट्रिय समन्वय परिषद् बाट अन्तर्राष्ट्रिय समन्वय परिषद्मा निर्वाचित सदस्य उपस्थित हुन नसकेमा उपस्थित हुन नसकेको कारण यथाशिघ्र चाँडो सचिवालयलाई जानकारी गराउनु पर्नेछ । सो कारण उचित एवं मनासिव देखिए अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निजलाई सदस्यको रुपमा अनुमोदन (Endorse) गरी शपथ ग्रहण गराउने छ ।

५.६ संघको विधानको दफा २३.११ **"राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष पदमा उम्मेदवार बन्न निज राष्ट्रिय समन्वय परिषद् वा अन्तर्राष्ट्रिय समन्वय परिषद्को सदस्य वा पदाधिकारी भई एक कार्यकाल काम गरेको हुनु पर्नेछ"** अनुसारको योग्यता हुनु पर्ने छ । तर कम्तिमा ३ कार्यकाल पुरा नगरेको राष्ट्रिय समन्वय परिषद्को हकमा यस्तो योग्यताको आवश्यकता पर्ने छैन् ।

५.७ राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष वा पदाधिकारी सोही पदमा लगातार दुई पदावधि भन्दा बढी पदावधिको लागि पुन: निर्वाचित हुन योग्य हुने छैन् ।

५.८ विधानको दफा १७.३ **"राष्ट्रिय समन्वय परिषद् गठन भइ सकेका मुलुकबाट पञ्जिकृत सदस्य संख्या निम्नतम् दश देखि एक हजार सम्ममा एक जना र सो भन्दा बढि पाँच हजार सम्म पञ्जिकृत सदस्य संख्या रहेमा सदस्य संख्याको अनुपात प्रत्येक एक हजार पञ्जिकृत सदस्य बराबर एक जना (१००० : १ को अनुपात) अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य पदमा सम्बन्धित राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशनबाट निर्वाचित हुनेछन् । पाँच हजार भन्दा बढी पञ्जिकृत सदस्य भएमा पञ्जिकृत सदस्य र अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य संख्याको अनुपात क्रमिक रुपमा २०००:१, ३०००:१, ४०००:१ को संख्याले (अनुसुची ७ मा दिईए बमोजिम) थप हुने गरी सदस्यहरु निर्वाचित हुनेछन्"** अनुसार १ (एक) हजार जनासम्म पञ्जीकृत सदस्य बराबर १ (एक) अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यको निर्वाचन गर्नेछ । एक भन्दा बढी अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यहरु निर्वाचित हुने भएमा विधानको धारा १७.४ **"विधानको दफा १७.३ बमोजिम कुनै राष्ट्रबाट अन्तर्राष्ट्रिय समन्वय परिषद्का लागि दुई वा सो भन्दा बढि संख्यामा सदस्य निर्वाचित हुने भएमा ती मध्येबाट एक जना सदस्यलाई सम्बन्धित**

**राष्ट्रिय समन्वय परिषद्का गतिविधिहरुको नियमित विवरण अन्तर्राष्ट्रिय समन्वय परिषद् समक्ष पेश गर्ने, अन्तर्राष्ट्रिय समन्वय परिषद्का निर्णय तथा निर्देशनहरु राष्ट्रिय समन्वय परिषद्मा कार्यान्वयन गराउन, अन्तर्राष्ट्रिय समन्वय परिषद्का नियमित सुचनाहरु राष्ट्रिय समन्वय परिषद्मा प्रवाह गर्ने राष्ट्रिय महाधिवेशनले तोक्ने छ । बांकी अन्य अन्तर्राष्ट्रिय समन्वय परिषद्का लागि निर्वाचित सदस्यहरुका हकमा भने यसैमा उल्लेख गरिएका काम वाहेकका सम्पूर्ण जिम्मेवारी निर्वाह गर्नु पर्नेछ"** मा उल्लेख भए अनुसार नीजहरुको जिम्मेवारी रहने छ ।

**अनुस ूची - ७**

**अन्तर्राष्ट्रिय समन्वय परिषद्को सदस्य संख्या**

| पंजिकृत सदस्यको संख्या | आईसिसि सदस्यको संख्या |
|---|---|
| ५००० | ५ |
| ७००० | ६ |
| १०,००० | ७ |
| १४,००० | ८ |
| १९,००० | ९ |
| २५,००० | १० |

५.९ राष्ट्रिय महाधिवेशनले गैरआवासीय नेपालीको महिला सञ्जाल र युवा सञ्जालको प्रतिनिधित्व गर्ने एक महिला र एक युवा संयोजक छान्नु पर्ने छ । यसरी छानिएका संयोजकहरुको हैसियत राष्ट्रिय समन्वय परिषदका पदाधिकारी सरह हुनेछ ।

५.१० राजनैतिक, क्षेत्रिय, जातिय वा धार्मिक आधारमा कुनै समूह वा प्यानलको आधारमा चुनाव लड्न वा समूहगत रुपमा मतको आह्वान गर्ने वा प्रचार प्रसार गर्न पाइने छैन ।

५.११ महाधिवेशनमा गणपुरकको संख्याको परिभाषा राष्ट्रिय समन्वय परिषदको विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

५.१२ अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको उम्मेदवार तथा राष्ट्रिय समन्वय परिषदका सबै उमेद्वारहरुले संघको आचार संहितामा लिखित प्रतिबद्धता गरी उमेद्वारी मनोनयन फारमका साथमा पेश गर्नु पर्ने छ । कुनै उमेद्वार राजनैतिक, जातिय वा धार्मिक संस्थाको कार्यकारी समितिको पदाधिकारी वा सदस्य पद धारण गरेको भए सो पद त्याग गरेको लिखित जानकारी पनि मनोनयन फारमका साथ पेश गर्नुपर्ने छ । अन्तर्राष्ट्रिय समन्वय परिषदले निर्धारण गरेको आचारसंहिता पालना नगरी प्राप्त भएका मनोनयनका उपर प्रमाण सहित लिखित उजुरी परेमा निर्वाचन समितिले छानविन गरि मनोनयन रद्द गर्न सक्नेछ ।

६. **राष्ट्रिय समन्वय परिषदको मान्यतामा आईपर्ने विवाद:**

६.१ अन्तर्राष्ट्रिय समन्वय परिषद्बाट खटाइएको महाधिवेशन प्रतिनिधिले नवनिर्वाचित राष्ट्रिय समन्वय परिषद पदाधिकारीको नामावली क्षेत्रीय संयोजक मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जानाकारी दिने छ । अन्तराष्ट्रिय समन्वय परिषद् सचिवालयले वेभसाईटबाट नामावली प्रकाशित गरी नवनिर्वाचित राष्ट्रिय समन्वय परिषद्लाई विधिवत रुपमा मान्यता दिने छ ।

६.२ महाधिवेशन सम्वन्धी केही विवाद आएमा सो को छानबिन गरी प्रतिवेदन पेश गर्न क्षेत्रीय संयोजक वा उपसंयोजक रहने गरी अन्तर्राष्ट्रिय समन्वय परिषदले एक समिति गठन गर्न सक्ने छ । छानविन समितिले पेश गरेको प्रतिवेदनको आधारमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले अन्तिम निर्णय लिने छ ।

६.३ अन्तर्राष्ट्रिय समन्वय परिषदले निर्धारण गरेको यस राष्ट्रिय महाधिवेशन नियमावली वा राष्ट्रिय र अन्तर्राष्ट्रिय समन्वय परिषदको विधानको पालना नगरी निर्वाचित भएका राष्ट्रिय समन्वय परिषदलाई अन्तर्राष्ट्रिय समन्वय परिषद्ले मान्यता दिने छैन ।

७. **निर्वाचित राष्ट्रिय समन्वय परिषद्ले तत्काल गर्नुपर्ने काम:**

७.१ निवर्तमान राष्ट्रिय समन्वय परिषदले पञ्जिकृत सदस्यको विवरण तथा अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेको शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषद्मा पठाएको छैन भने यथाशीघ्र पठाउने ।

७.२ विधानको दफा १३.७ **"अन्तर्राष्ट्रिय महाधिवेशनमा मतदान अधिकार सहित भाग लिनका लागि सम्बन्धित राष्ट्रिय समन्वय परिषद्ले प्रतिनिधि चयन गर्नेछ । एक हजार सम्म पञ्जिकृत सदस्य भएका राष्ट्रिय समन्वय परिषद्ले प्रत्येक दश जना पञ्जिकृत सदस्य बराबर एक जना प्रतिनिधि (१०:१ को अनुपात) चयन गर्नेछ । एक हजार भन्दा बढी पञ्जिकृत सदस्य भएका राष्ट्रिय समन्वय परिषद्ले प्रत्येक थप एक हजार सदस्यको लागि क्रमिक ४०:१, ८०:१, १२०:१ संख्याको अनुपातमा (अनुसूची ६ मा दिईए बमोजिम) थप प्रतिनिधिहरु चयन गर्ने छ"** बमोजिम अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको छनौंट गर्ने छ । तर यसरी चुनिने अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको संख्या वहालवाला अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी एवं सदस्यहरु बाहेक हुनेछ ।

**अनुसुची - ६**

**अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको संख्या**

| **पंजीकृत सदस्यको संख्या** | **अन्तर्राष्ट्रिय महाधिवेशन प्रतनिधिको संख्या** |
|---|---|
| १,००० | १०० |
| २,००० | १२५ |
| ३,००० | १३८ |
| ४,००० | १४६ |
| ५,००० | १५२ |
| १०,००० | १७१ |
| १५,००० | १८१ |
| २०,००० | १८९ |
| ३०,००० | १९९ |
| ४०,००० | २०६ |

राष्ट्रिय समन्वय परिषदले (गैरआवासीय नेपाली संघको विधान (२०१७) को दफा ५ को उपदफा ५.१ **"गैरआवासीय नेपाली" भन्नाले नेपाली मुलको विदेशी नागरिक वा दुई वर्ष भन्दा बढि नेपाल सरकारबाट खटीई विदेशस्थित नेपाली नियोगमा बहाल रहेको, विदेश स्थित शिक्षण संस्थामा अध्ययन गरिरहेको नेपाली नागरिक र दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका**

**मुलुकहरु वाहेकका अन्य देशहरुमा पेशा, रोजगारी वा व्यवसाय गरी बसोवास गर्ने नेपाली नागरिकलाई जनाउँदछ । यसै अनुच्छेदमा उल्लेखित “नेपाली मूलका विदेशी नागरिक” भन्नाले कुनै व्यक्ति साविकमा स्वयम् वा निजको बाबु, आमा, बाजे, वा बज्यै नेपालको नागरिक रही पछि दक्षिण एसियाली सहयोग संगठन (सार्क) को सदस्य मुलुक बाहेक अन्य मुलुकको नागरिकता लिएको व्यक्तिलाई जनाउँदछ ।**” मा उल्लेख भए बमोजिम मनोनयन गरेका यस्ता प्रतिनिधिहरुलाई मात्र अन्तर्राष्ट्रिय समन्वय परिषदमा उमेद्वार हुन पाउने छन् र अन्तर्राष्ट्रिय महाधिवेशनमा मताधिकार रहने छ । तर यस्ता प्रतिनिधिहरुले महाधिवेशन दर्ता शुल्क तिर्नु पर्नेछ । अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको छनोट गर्न सार्वजनिक सूचना मार्फत काठमाडौ जान अनुकुल हुने सबै पञ्जीकृत सदस्यहरुलाई खुला रुपमा आमन्त्रण गर्नु पर्ने छ । प्रतिनिधि छनोटमा सर्व सम्मत भएन भने प्राथमिकताको आधारमा निम्न बमोजिम प्रतिनिधिको चयन गर्ने । तर यसरी छानिने प्रतिनिधिको गैरआवासीय नेपालीको हैसियत कायम रहेको हुनुपर्ने छ

(क) अन्तर्राष्ट्रिय समन्वय परिषदका बहालबाला संरक्षक तथा सल्लाहकारहरु ।

(ख) अन्तर्राष्ट्रिय समन्वय परिषदका पूर्व पदाधिकारी, सदस्य, संरक्षक तथा सल्लाहकारहरु

(ग) राष्ट्रिय समन्वय परिषदका बहालबाला पदाधिकारी तथा सदस्यहरु ।

(घ) अन्तर्राष्ट्रिय समन्वय परिषदका विभिन्न समिति, उपसमिति तथा कार्यदलका बहालबाला सदस्यहरु ।

(ङ) राष्ट्रिय समन्वय परिषद्का निवर्तमान पदाधिकारी तथा सदस्यहरु ।

(च) राष्ट्रिय समन्वय परिषद्का पूर्व पदाधिकारी तथा सदस्यहरु ।

(छ) अन्तर्राष्ट्रिय समन्वय परिषद्का विभिन्न समिति, उपसमिति तथा कार्यदलका वर्तमान र पूर्व सदस्यहरु ।

(ज) पंजीकृत सदस्य भई राष्ट्रिय समन्वय परिषद्को विभिन्न समितिमा काम गरेका व्यक्तिहरु ।

(झ) लामो समय सम्म पंजीकृत सदस्य भएका ।

(ञ) बाँकि प्रतिनिधि राष्ट्रिय समन्वय परिषद्का बहुमत सदस्यले चयन गर्ने ।

(ट) मतदान अधिकार सहितका प्रतिनिधिहरुले व्यक्तिगत रुपमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको दर्ता शुल्क संघको सचिवालयमा बुझाउनु पर्ने छ ।

७.३ राष्ट्रिय समन्वय परिषद्ले कुनै पुर्वाग्रहले कुनै पञ्जिकृत सदस्यहरुलाई प्रतिनिधि बन्न निषेध गर्न पाउने छैन् । यस्तो अवस्थामा निषेधित सदस्यले अन्तर्राष्ट्रिय समन्वय परिषद्मा उजुरी गर्न सक्ने छ । यस्तो परिस्थितिमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गरेको निर्णयलाई अन्तिम मानिने छ ।

७.४ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निर्धारण गरेको यस नियमावलीको परिधि भन्दा बाहिर रहेर निर्वाचित भएका राष्ट्रिय समन्वय परिषदलाई अन्तर्राष्ट्रिय समन्वय परिषदले मान्यता दिने छैन् ।

**८. बाधा अड्काउ फुकाउः**

यस विनियमावली अनुसार कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा त्यस्तो बाधा अड्काउ निर्वाचन समितिको अनुरोधमा अन्तर्राष्ट्रिय समन्वय परिषदले फुकाउन सक्नेछ ।

**९. यसै नियमावली बमोजिम हुनेः**

यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

**गैरआवासीय नेपाली संघ**

**राष्ट्रिय समन्वय परिषद्को निर्वाचन अनुगमन फारम**

**(अन्तर्राष्ट्रिय समन्वय परिषद्द्वारा मनोनित अनुगमनकर्ताले भर्नु पर्ने फाराम-पेज १)**

१. निर्वाचनको सारंश :

मुलुकको नाम : निर्वाचन भएको शहर :

- निर्वाचन मिती : कूल पंजिकृत सदस्य संख्या :
- कुल मतदाता सँख्या :
- अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य (ICC Member) :
- निर्वाचित सदस्यहरुको विवरण (नाम र ईमेल) :
- अध्यक्ष :
- उपाध्यक्ष :
- महिला उपाध्यक्षः
- महासचिव :
- सचिव :
- कोषाध्यक्ष :
- सहकोषाध्यक्षः
- महिला संयोजक :
- युवा संयोजक :
- सदस्यहरु :

२. राष्ट्रिय महाधिवेशन सम्वन्धी नियमावली अनुसार

महाधिवेशन हुने सार्वजनिक सूचनाको प्रवाह भएको थियो ( ) वा थिएन ( ) ।

सदस्यता वितरण भएको थियो ( ) वा थिएन ( ) ।

निर्वाचन समिति गठन भएको थियो ( ) वा थिएन ( ) ।

नियमावलीका अन्य प्रावधानहरु पूर्णरुपमा ( ), आंशिक रुपमा ( ) पालना भएका थिए ( ) वा थिएनन् ( )

३. निर्वाचन सहमती ( ) वा मतदानवाट ( ) भएको थियो । मतदाबाट भएको भए पेज २ भर्नु होला ।

४. निर्वाचन राष्ट्रिय महाधिवेशन सम्वन्धी नियमावली अनुसार सम्पन्न भएको थियो ( ) थिएन । थिएन भने पेज ३ भर्नु होला ।

अनुगमनकर्ताको नाम र पद :

मुलुक :

हस्ताक्षर :

मिती :

(अनुगमनकर्ताले निर्वाचनको पूर्ण अवधीभर देखे भोगेका र संकलन गरेका गतिविधिहरु राष्ट्रिय महाधिवेशन सम्बन्धी नियमावली र निर्वाचन आचारसंहिताको आधारमा निर्वाचन प्रकृया भएको वा नभएको सुझाव सहित अन्तर्राष्ट्रिय समन्वय परिषदमा जानकारी गर्नेछ, अनुगमन अवधीमा संकलित सबै प्रमाणहरु नत्थी गर्नु पर्नेछ ।)

**गैरआवासीय नेपाली संघ**

**राष्ट्रिय समन्वय परिषद्को निर्वाचन अनुगमन फारम**

**(अन्तर्राष्ट्रिय समन्वय परिषद्द्वारा मनोनित अनुगमनकर्ताले भर्नु पर्ने फाराम-पेज २)**

राष्ट्रिय समन्वय परिषद मतदान प्रकृयाबाट निर्वाचित भएको भए, अनुगमनकर्ताले यो पेज पनि भर्नु पर्नेछ ।

- निर्वाचन समिती सकृय भएको मिती :
- निर्वाचन कार्यक्रम सार्वजनिक भएको मिती :
- उम्मेदवार सँख्या :

| **विवरण** | **निर्वाचित हुने पद संख्या** | **उम्मेदवारको संख्या** |
|---|---|---|
| अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य : | | |
| अध्यक्ष : | | |
| उपाध्यक्ष : | | |
| महिला उपाध्यक्षः | | |
| महासचिव : | | |
| सचिव : | | |
| कोषध्यक्ष : | | |
| सहकोषाध्यक्षः | | |
| महिला संयोजक : | | |
| युवा संयोजक | | |
| सदस्य : | | |

मतदान शुरु भएको समय :

- मतदान समाप्त भएको समय :
- मतदान प्रकृया (गोप्य मतदान, विधुतिय, हुलाक)
- निर्वाचन आचारसंहिता र राष्ट्रिय महाधिबेशन सम्बन्धी नियमावली अनुसार प्रचार प्रसार सामग्री प्रयोग भएको थियो ( ) थिएन ( ) ।
- कुनै समूह वा प्यानलको आधारमा चुनाव लड्न वा समूहगत रुपमा मतको आव्हान गर्न वा प्रचार प्रसार भएको थियो ( ) थिएन ( ) ।
- मतगणना शुरु भएको मिति र समय :
- मतगणना सर्वपक्षिय प्रतिनिधिहरुको रोहवरमा भएको थियो ( ) थिएन ( ) ।
- मतगणनामा निर्वाचन आचारसंहिता लागु भएको थियो ( ) थिएन ( ) ।
- मतगणना सम्पन्न भए पछि अन्तिम परिणाम सार्वजनिक हुनु अगावै सबै पक्षका प्रतिनिधिहरुको मुचुल्कामा हस्ताक्षर भएको थियो ( ) थिएन ( ) ।
- मतगणना समापन भएको मिति र समय :
- अन्य कुनै विवरण भएमा

अनुगमनकर्ताको नाम र पद :

हस्ताक्षर :

मिति :

**गैरआवासीय नेपाली संघ**

**राष्ट्रिय समन्वय परिषदको निर्वाचन अनुगमन फारम**

**(अन्तर्राष्ट्रिय समन्वय परिषद्द्वारा मनोनित अनुगमनकर्ताले भर्नु पर्ने फारम-पेज ३)**

राष्ट्रिय महाधिबेशन सम्बन्धी निर्वाचन नियमावली र निर्वाचन आचारसंहिताको आधारमा निर्वाचन प्रकृया सम्पन्न भएको नदेखिएमा अनुगमनकर्ताले निम्न बुंदाहरुका आधारमा आफ्नो राय सहित अन्तर्राष्ट्रिय समन्वय परिषद्मा सिफारिस गर्नु पर्नेछ । तलका सबै वुदाँहरुमा प्राप्त भए सम्मका सबै प्रमाण उपलव्ध गराउनु पर्नेछ ।

- मतदान प्रकृयामा भएको अनियमितता बारे
- निर्वाचन पूर्व प्रयोग गरिएका प्रचार प्रसार अनियमितता देखिएको
- निर्वाचन सामग्रीको प्रयोगको अनियमितता गरेको बारे
- मतगणना अबधिभर अपनाइएका बिधि र तौर तरिकामा अनियमितता भएको भए
- निर्वाचन परिणाम सार्वजनिक गर्नमा भए गरिएका अनियमितता बारे (उपलब्ध प्रमाण संलग्न भए सम्म) संलग्न
- समस्या समाधान वारे सुझाव
- अन्य कुनै बिषयमा थप उल्लेख गर्ने

अनुगमनकर्ताको नाम :

पद :

हस्ताक्षर :

मिति :